## सुदूरपश्चिम प्रदेश सरकार, स्वास्थ्य सेवा, हेल्थ इन्सपेक्सन समूह, जनस्वास्थ्य अधिकृत, सातौं तहको कार्य विवरण

| | |
|---|---|
| पद | जनस्वास्थ्य अधिकृत |
| तह | अधिकृत सातौं |
| सेवा | नेपाल/प्रदेश स्वास्थ्य |
| समूह | हेल्थ इन्सपेक्सन |
| न्युनतम शैक्षिक योग्यता | जनस्वास्थ्य विषयमा स्नातक वा स्नातकोत्तर तहको योग्यता हासिल गरेको |
| उत्तरदायित्व | सम्बन्धित कार्यालय प्रमुख |
| सुपरिवेक्षण | सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय, प्रादेशिक स्वास्थ्य निकाय, स्वास्थ्य कार्यालय, सम्बन्धित स्थानीय तह |
| सम्बन्ध | कार्यरत निकाय तथा मातहतका स्वास्थ्य संस्थाहरु, अस्पतालहरु, निजि क्षेत्र, गैरसरकारी संस्थाहरु, विषयगत कार्यालय तथा निकायहरु |
| कार्यक्षेत्र | यो कार्य विवरण सुदुरपश्चिम प्रदेश तथा सुदुरपश्चिम प्रदेश भित्र रहेका स्थानीय तहमा नेपाल सरकारद्वारा बजेट व्यवस्थापन भई छात्रबृत्ति करारमा पदस्थापन हुने जनस्वास्थ्य अधिकृतका लागि लागू हुनेछ । |
| सेवा अवधि र मुल्यांकन | • **सेवाको प्रकारः** छात्रवृत्ति करार<br>• **तलब (मासिक):** नियमानुसार<br>• **काम गर्ने समयः** नियमानुसार<br>• **अधिकारः** प्रदेश कानून बमोजिम<br>• **सेवा अवधि र सुविधाः** करार बमोजिमको अवधि (न्यूनतम २ वर्ष) तोकिएको संस्थामा अनिवार्य रूपमा सेवा गर्नुपर्नेछ। नेपाल सरकारको सम्बन्धित सेवा र समूहको सुरु स्केल बराबरको पारिश्रमिक र अन्य सुविधा प्राप्त हुनेछ।<br>• **कार्य सम्पादन मुल्यांकनः** प्रचलित कानून बमोजिम अर्धवार्षिक र वार्षिक रुपमा गरिनेछ । |

कार्य विवरण तथा जिम्मेवारीहरु

क) योजना तर्जुमा, नीति र कार्यान्वयन

- स्वास्थ्य सूचकांकहरुको विश्लेषण गरि तथ्यमा आधारित रहि नवप्रवर्तनकारी कार्यक्रम सहितको योजना तर्जुमा गर्ने ।
- प्रदेश र स्थानीय तह अन्तर्गतको क्षेत्राधिकार भित्र पर्ने स्वास्थ्य सम्बन्धी नीति, रणनीति, कार्यनीति, मापदण्ड तथा योजना तर्जुमा गर्ने कार्यमा संलग्न हुने।

ख) जनस्वास्थ्यका कार्यक्रम संचालन तथा व्यवस्थापन

- संघ, प्रदेश तथा स्थानीय प्राथमिकताका जनस्वास्थ्य कार्यक्रम र अभियान तथा आधारभूत स्वास्थ्य सेवाका कार्यक्रमहरु संचालनमा प्राविधिक सहजीकरण गर्दै प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने।
- स्वास्थ्य बिमा लगायत सामाजिक स्वास्थ्य सुरक्षाका कार्यक्रमको प्रभावकारी कार्यान्वयन, सुदृढिकरण तथा व्यवस्थापन गर्ने।
- आपतकालिन तथा विपदको अवस्थामा महामारी जन्य रोगहरुको निगरानी, रोग नियन्त्रण सम्बन्धी कार्य, महामारी रोकथाम तथा विपद् पूर्व तयारी र प्रतिकार्य सम्बन्धी कार्य गर्ने ।
- जिल्ला स्तरमा तालिम, मेन्टरिङ, Onsite coaching प्रभावकारी रुपमा संचालन तथा सहजिकरण गर्ने ।
- स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गर्न आवश्यक अनुगमन तथा पृष्ठपोषण गर्ने साथै स्वास्थ्य कार्यक्रमको तालिम आवश्यकता पहिचान गरि सोहि बमोजिम क्षमता अभिवृद्धि तालिम तथा अभिमुखीकरण कार्यक्रम संचालन गर्ने ।
- न्यूनतम सेवा मापदण्डको नियमित अनुगमन, मूल्याङ्कन गरी पहिचान भएका विभिन्न सवाल तथा समस्याहरुको समाधानका लागि समन्वय गरी परिणाममुखि कार्यक्रमको कार्यान्वयन गर्ने ।
- खानेपानीको गुणस्तर सर्भिलेन्स, खाद्य गुणस्तर निगरानी, वातावरणीय स्वास्थ्य लगायतको क्षेत्रमा सम्बन्धित निकायसंग समन्वय गरी जनस्वास्थ्य प्रवर्द्धन कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने ।
- HMIS/DHIS२, PAMS V२, Nepal Health Facility Registry र Nepal Health Workforce Registry लगायतका

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४



प्रदेश सचिव

प्रणालीहरुको प्रभावकारी प्रयोग र नियमित अद्यावधिक कार्य गर्ने/गराउने।

ग) बहुक्षेत्रिय समन्वय

- संघ, प्रदेश, स्थानीय तह र विकास साझेदारहरूसँग जनस्वास्थ्य कार्यक्रमको योजना तर्जुमा तथा प्रभावकारी कार्यन्वयनको लागी आवश्यक समन्वय गर्ने ।
- गैरसरकारी तथा निजी क्षेत्रबाट प्रदान गरिने स्वास्थ्य सेवाको अनुगमन र नियमनको लागि प्रचलित कानुन बमोजिम भूमिका निर्वाह गर्ने ।
- स्वास्थ्य आपतकालीन अवस्था तथा विपद् व्यवस्थापन सम्बन्धी तयारी र प्रतिकार्यमा समन्वय तथा सहजीकरण गर्ने।
- स्वास्थ्य क्षेत्रमा प्रभावकारी स्रोत व्यवस्थापनका लागि सरोकारवालाहरुसंग बहस, पैरवी गर्ने।

घ) जनस्वास्थ्य प्रवर्द्धन तथा जनचेतना कार्यक्रम

- स्वास्थ्य प्रवर्द्धन अभियान, स्वास्थ्य सम्बन्धी विभिन्न दिवस मनाउने, सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन, लागुऔषध प्रयोग न्यूनीकरण, नसर्ने रोगको स्क्रिनिङ, मानसिक स्वास्थ्य प्रवर्द्धन, वातावरणीय सरसफाई तथा स्वच्छता, मेला महोत्सवमा स्वास्थ्य प्रदर्शनी आदिको योजना, व्यवस्थापन र सञ्चालन गर्ने।
- विद्यालय स्वास्थ्य तथा नर्सिंग सेवा निर्देशिका २०८१ बमोजिम विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालनमा सहजीकरण गर्ने साथै उच्च प्रशोधित खाद्द पदार्थ (Ultra Processed Food) को प्रयोगलाई न्युनिकरण, विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रमको पैरवी एवम् कार्य सञ्चालन गर्ने ।

ङ) अध्ययन, अनुगमन, सुपरिवेक्षण, मूल्याङ्कन तथा अभिलेखीकरण

- जनस्वास्थ्यका कार्यक्रम कार्यान्वयन अवस्थाको नियमित अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन गर्ने साथै स्वास्थ्य सम्बन्धी तथ्यांकको विश्लेषण गरि आवश्यक पृष्ठपोषण गर्ने ।
- कार्यक्रमहरूको निरन्तर अनुगमन, सहयोगात्मक सुपरिवेक्षण र मुल्यांकनबाट प्राप्त नतिजाहरुलाई दस्ताबेजिकरण गरि सम्बन्धित निकायसंग साझा गर्ने ।
- स्वास्थ्यको कार्यक्रमहरुको कार्यान्वयन पश्चात मासिक, अर्ध बार्षिक तथा बार्षिक प्रगति प्रतिबेदन तयार गर्न प्रमुख भूमिका निर्वाह गर्ने ।
- प्रादेशिक/स्थानीय तहमा स्वास्थ्यका विभिन्न विषय (अवस्था, अवसर, चुनौती) मा अध्ययन, अनुशन्धान गरि नियमित रुपमा बुलेटिन तथा प्रतिवेदन तयार गर्ने ।

च) आर्थिक तथा वित्तीय अख्तियारी

- स्वास्थ्य क्षेत्रका प्राथमिकता अनुसार बजेट योजना तयार गर्ने कार्यमा संलग्न हुने।
- आर्थिक मामिला तथा वित्तीय खर्चको सम्बन्धमा, सार्वजनिक स्रोतको मितव्ययी र पारदर्शी उपयोग सुनिश्चित गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी प्रचलित कानुन बमोजिम हुने गरी कार्यालय प्रमुखको निर्देशनमा कार्य गर्ने ।

छ) कर्तव्य, अनुशासन तथा प्रतिवेदनः

- प्रचलित कानून, छात्रवृत्ति परिचालन निर्देशिका, २०७१ र प्रदेश सरकारले दिएको निर्देशनको गम्भीरतापूर्वक पालना गर्ने।
- सम्बन्धित कार्यालय प्रमुखको मातहत र सुपरिवेक्षणमा रही अनुशासनपूर्वक कार्य सम्पादन गर्ने।
- आफ्नो जिम्मेवारीमा रहेका कार्यक्रम सम्पन्न भए पश्चात र निरन्तर सम्पादन भए/गरेका सम्पूर्ण कार्यको प्रगति प्रतिवेदन सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय र कार्यालय प्रमुखलाई बुझाउने ।
- आफु सरुवा भई जाँदा आफुले जिम्मामा लिएका सम्पूर्ण नगदी तथा जिन्सी बरबुझारथ गर्ने।

ज) अन्य कार्य

- कार्यालय प्रमुखले तोकेका र निर्देशन गरेका अन्य कार्यहरु सम्पादन गर्ने ।

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

प्रदेश सचिव